**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs**

**Date: 18.02.2025**

---

- **Coordination Meeting Power Department**

वर्तमान चुनौतीलाई सम्बोधन गर्न र विद्युत विभागको राजस्व प्राप्तिमा सुधार ल्याउन महत्त्वपूर्ण पहल गर्ने उद्देश्यका साथ विभागीय सल्लाहकार सञ्जीत खरेलको अध्यक्षतामा आज एउटा महत्त्वपूर्ण समन्वय तथा राजस्व बैठक बस्यो। अन्य बाहेक विभागीय सचिव TT लेप्चा, राजस्व सचिव विकास देवकोटा तथा प्रधान मुख्य अभियन्ता TT भोटियाको उपस्थिति रहेको बैठकमा राजस्व वृद्धिका साथै यसमा भएको घाटासित सम्बन्धित मुद्दालाई सम्बोधन गरिनुपर्ने आवश्यकतामाथि रहेका विभिन्न महत्त्वपूर्ण विषयबारे चर्चा गरियो।

सल्लाहकार श्री खरेलले राजस्व संकलन सुधारको दिशामा गरिनुपर्ने अथक प्रयासको महत्त्वमाथि जोड दिँदै राजस्व प्राप्तिको दिशामा हालमा भएको प्रयासबाट केही प्रगति भएको भए तापनि यसमा अझ गति ल्याउनमा रहेको आवश्यकताको उल्लेख गर्नुभयो। उहाँले विद्युत विभागका सबै अधिकारीहरूले निभाएको भूमिकाको सराहना गर्दै विभागले सामना गरिरहेको वर्तमा चुनौतीको पूर्ण जिम्मेवारी लिने आग्रह गर्नुभयो।

सबै प्रमुख अभियन्ताहरूलाई सम्भावित विद्युत चोरी र अनधिकृत जडानको पहिचान गर्न घर-घर निरीक्षण गर्ने निर्देशन जारी गरिएको छ। सिक्किम भरिबाट स्पष्ट लक्ष्य हासिल गर्न सलाहकार श्री खरेलले राज्यव्यापी राजस्व अभियान चलाउने आह्वान गर्नुभयो।

---------------------------------------X---------------------------------------

- **NITI Aayog Visits AWC**

भारत सरकारको महिला तथा बाल विकास मन्त्रालयका प्रतिनिधिहरूले नीति आयोगसितको सहकार्यमा सोरेङ जिल्लाका तीनवटा आगनवाड़ी केन्द्रहरूको निरीक्षण भ्रमण गरे। यसै महिनाको सोल्ह तारिकदेखि शुरू भएर आज समापन भएको तीन दिनको भ्रमण अवधि यस टोलीले मिन्दुगाउँ, अप्पर कामलिङ र अप्पर खानिसिर्बुङ आगनवाड़ी केन्द्रहरूको भ्रमण गर्दै विभिन्न आयुवर्गका लाभार्थीहरूको घरको निरीक्षण गऱ्यो। भ्रमण अवधि गर्भवती र सुत्केरी आमाहरू साथै प्रधानमन्त्री मातृ वन्दना योजनाअन्तर्गतका लाभार्थीहरूलाई विशेष ध्यान दिइयो।
टोलीले आहार, आपूर्ति, पूर्वाधार र मिसन वात्सल्य, मिसन सक्षम, मिसन पोषण २.० र मिसन शक्तिसहित विभिन्न योजनाको महत्त्वपूर्ण पक्षबारे चर्चा गर्न बाल विकास परियोजना अधिकारी गौरी तामाङको अन्तरवार्ता पनि लियो।

---------------------------------------X---------------------------------------

- **Disposal of Contraband Substances**

गेजिङका पुलिस अधीक्षक छिरिङ शेर्पाको निर्देश अनि तेह्र अप्रेल, २०२३-मा जारी अधिसूचनाको पालन गर्दै जिल्ला स्तरीय निपटान समितिले निर्धारित प्रक्रियाहरूको पालन गर्दै जफत गरिएका प्रतिबन्धित नशालुपदार्थहरू नष्ट साथै व्यवस्थापन गऱ्यो।

पुलिस अधीक्षक श्री शेर्पाको नेतृत्वमा गेजिङ जिल्ला अस्पतालमा आज सम्पन्न प्रक्रिया अवधि गेजिङ मुख्यालयका महकुमा अधिकारी पुलकित बालहारा, गेजिङका महकुमा पुलिस अधिकारी केसाङ भोटिया र गेजिङ अस्पतालका Drug Inspector लाक्पा साङ्गे शेर्पाको विशेष उपस्थिति थियो। यसअघि नौं मार्च, २०२२-मा गेजिङको जिल्ला तथा सत्र न्यायालय परिसरमा नशालु पदार्थ नष्ट गरिएको थियो।

---------------------------------------X---------------------------------------

- **Workshop on Life Skills Curriculum**

नाम्ची जिल्ला अस्पतालमा आज विद्यालय स्वास्थ्य एवं कल्याण कार्यक्रमको एक भागका रूपमा जीवन कौशल पाठ्यक्रमको कार्यान्वयनमाथि विद्यालय स्वास्थ्य एवं कल्याण राजदूतका लागि कार्यशालाको आयोजना गरियो। राष्ट्रिय किशोर स्वास्थ्य कार्यक्रमको एक भागको रूपमा सिक्किम इन्स्पायर्ससितको सहकार्यमा आयोजित कार्यशाला जिल्ला अस्पतालको सम्मेलन कक्षमा सम्पन्न भएको हो।
नाम्चीका अतिरिक्त जिल्लाधीश सुभाष घिमिरेको मुख्य आतिथ्यमा शुरू भएको कार्यशालाको उद्देश्य शिक्षकहरूलाई जीवनयापनका विभिन्न कौशलबारे प्रशिक्षित गराउनु हो। यहाँबाट प्रशिक्षित शिक्षकहरूले सम्बन्धित विद्यालयहरूमा विद्यार्थीहरूको शारीरिक र मानसिक स्वास्थ्यलाई बढ़ावा दिनका साथै मानसिक स्वास्थ्य, पोषण, प्रजनन स्वास्थ्य लगायत अन्य धेरै गम्भीर समस्याहरूलाई सम्बोधन गर्न प्रमुख प्रशिक्षकको रूपमा सेवा पुऱ्याउनेछन्।
आफ्नो सम्बोधनमा श्री घिमिरेले विद्यालयहरूमा यो कार्यक्रम कार्यान्वित गर्नमा रहने प्रतिभागीहरूको महत्त्वपूर्ण भूमिकामाथि प्रकाश पार्नुभयो।

---------------------------------------X---------------------------------------

- **SSC Inauguration**

सुलभ स्वच्छता क्लबले शिक्षा विभागसितको सहकार्यमा पाकिम जिल्लाको माचोङ सरकारी वरिष्ठ माध्यमिक विद्यालयमा आज बालिका वस्त्र परिवर्तन कक्षको उदघाटन गरियो।
पारखा खण्ड प्रशासनिक केन्द्रका उपनिदेशक GR काफलेको बाहुलीद्वारा उदघाटन गरिएको नवनिर्मित सुविधा केन्द्रको स्थापना एउटा निजी कम्पनीले पहुँचयोग्य र सुलभ स्वच्छ सरसफाइलाई प्रवर्द्धन गर्ने लक्ष्यका साथ गरेको हो। यो पहल परियोजना आगाज प्लसअन्तर्गत सिक्किमका विभिन्न विद्यालयहरूमा बालीकाहरूको शिक्षा र सशक्तिकरणका लागि महत्त्वपूर्ण छ।

---------------------------------------X---------------------------------------

- **DLC Meeting**

पाकिम जिल्लाको ग्रामीण विकास विभाग कार्यालयमा आज  एकीकृत आर्थिक समावेशी कार्य योजनामाथि जिल्ला स्तरीय समितिको समीक्षा बैठक बस्यो। पाकिमका जिल्लाधीश रोहन अग्वानेको अध्यक्षतामा सिक्किम इन्स्पायर्सअन्तर्गत बसेको बैठक सिक्किम इन्स्पायर्स पहल तथा IEIAP-मार्फत महिला, युवा अनि गैर-कृषि क्षेत्रका लागि सम्भावित स्थानहरूको पहिचान गर्न र रोजगार सिर्जना गर्ने रणनीतिमा केन्द्रित रह्यो।
जिल्लाधीश श्री अग्वानेले सिक्किम सरकारको पहल अनि विश्व ब्याङ्कको सहयोगमा शुरू भएको सिक्किम इन्सपायर्स कार्यक्रमबारे छोटो जानकारी दिनुभयो। यस पाँच वर्ष लामो पहलको उद्देश्य गैर कृषि क्षेत्र साथै महिरा तथा युवाहरूका लागि रोजगारका अवसरहरूको सीर्जना गर्नु हो।

---------------------------------------X---------------------------------------

- **Sports**

गान्तोकको रानिपूल निवासी खेलाड़ी मनिसा तिवारीले खेलको थेत्रमा पुऱ्याएको उत्कृष्ट योगदानको कदर गर्दै उनलाई उन्तीसौं राष्ट्रिय खेलकुद एवं सांस्कृतिक उत्सवको अवसरमा उत्कृष्ट महिला खेलाड़ी पुरस्कारले पुरस्कृत गरिने भएको छ। यो पुरस्कार तेहीस फरवरीमा गुवाहाटीको कुमार भाष्कर नाट्य मन्दिरमा उत्सवको समापन समारोहमा प्रदान गरिनेछ।

--------------------------------------X--------------------------------------